
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ २२ गते मंगलबार ❑ 4 June 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## विदेशी कूटनीतिज्ञको उपस्थितिमा पोखरामा अन्नपूर्ण आरोहण दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

जुन ३ अर्थात अन्नपूर्ण आरोहण दिवस । अन्नपूर्ण आरोहण दिवसको अवसरमा सोमबार पोखरामा प्रभात फेरी सहित विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको आयोजना, टान गण्डकी प्रदेशको समन्वयमा यस बर्ष अन्नपूर्ण प्रथमको ७४ औं आरोहण दिवस मनाइएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका निमित्त प्रमुख नविन पोखरेलले बताउनु भयो । पोखराको फिस्टेल गेट अघिदेखि सुरु भएको प्रभातफेरी अम्बोट, गौरीघाँट, बाराहीघाट हुदै बाराही खेल मैदानमा पुगेर समापन भएको उहाँले जनाउनु भयो । प्रभातफेरीमा पन्चे बाजा सहित विभिन्न जनजातिको भेषभुषा समेत प्रर्दशन गरिएको थियो । उक्त अवसरमा तीन जना पर्वतारोही पूर्णिमा श्रेष्ठ, दावा योङजम शेर्पा र लाक्पा डेण्डी शेर्पालाई सम्मान गरिएको छ । उक्त प्रभातफेरीमा नेपाल सरकारका उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ सहित विभिन्न देशका राजदुत, संयुक्त राष्टसंघीय विकास कार्यक्रम, दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सहितका




कुटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले पोखरा आफैमा प्रकृति, संस्कृति र सहासिक खेल गतिविधिको केन्द्रको रुपमा रहेकोले अब यहाँको दिगो पर्यटनको लागि पदमार्गहरुको खोजि तथा संरक्षण गर्न आग्रह गर्नु भयो । कोभिड पछि नेपालको पर्यटन क्षेत्र हाल विस्तारै लयमा फर्किएकोले सरकारले पर्यटन पूर्वाधार निर्माणमा लगानी गर्दै आएको उहाँले जनाउनु भयो । उपप्रधान तथा परराष्ट्रमन्त्री श्रेष्ठले ८ हजार मिटर अग्लो हिमाल चढेर विश्व सामु नेपालको पर्यटन सहितको यहाँको पर्यटन प्रर्बद्धनमा फ्रान्सेली नागरिक मौरिस हर्जोगले पुराएको योगदानको उच्च प्रशंसा गर्नुभयो । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशको राजधानि पोखरालाई पर्यटनको राजधानी घोषणासंगै अब यहाँ राज्य र निजी क्षेत्रले यहाँको दिगो र गुणस्तरिय पर्यटन प्रबर्द्धनमा लाग्नु पर्ने समय आएको बताउनु भयो । इजरायलका राजदुत गोडेरले नेपाल र पोखरा जस्तो शहर विश्वमा चर्चीत भएकोले उहाँको पर्यटन प्रबर्द्धनमा केही व्यबस्थापन मात्र गरेको खण्डमा धेरै पर्यटक भित्रिन सक्ने दाबी गर्नु भयो । इजरायल, वेलायत, थाइल्याण्ड, पाकिस्तान, चाइना र श्रीलंकाका गरी ६ देशका राजदुतहरु सहितको कुटनितिक नियोगका प्रतिनिधिहरुको टोलीले सोमबार पोखराको फेवातालमा डुंगा सयर गरेसंगै सराङकोटमा अध्ययन अवलोकन गर्नु भएको हो । यसैबिच सोमबार टानको नेतृत्वमा एक टोली पोखरा २२ मा फेवाताल किनार रानीवन क्षेत्रमा हाइकिङ कार्यक्रम आयोजना गरेको टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले बताउनु भयो । भ्यू फेवा राउण्ड फेवा भन्ने नाराका साथ निर्माण हुदै गरेको साँढे दुई घण्टाको पद मार्गको सोमबार अध्ययन अवलोकन समेत भएको टानका उपाध्यक्ष कृष्ण आचार्यले बताउनु भयो । टोलीलाई अनदुमा स्वागत गरिएको थियो ।

नेपालको पर्यटन विकासको सुरुवात भन्दै अन्नपूर्ण आरोहण भएको दिनलाई अन्नपूर्ण दिवसका रुपमा मनाउने गरिन्छ । नेपालमा रहेका ८ हजार मीटर भन्दा अग्ला हिमालहरू मध्ये अन्नपूर्ण प्रथम हिमालको सन् १९५० जुन ३ मा फ्रान्सेली नागरिक मौरिस् हर्जोग र लुई लचेनलले सफल आरोहण गरेको खुसियालीमा यो दिनलाई हरेक बर्ष अन्नपूर्ण आरोहण दिवसको रुपमा मनाउने गरिन्छ । कास्की माछापुच्छ्रे गाउँपालिकाको धम्पुसदेखि अस्तामसम्म आइतबार पदयात्रा गरिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका बरिष्ठ अधिकृत कुन्दन मिश्र शर्माले बताउनु भयो । पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले ट्रेकिङ रुटहरुको संरक्षण गरी पोखरा क्षेत्रको दिगो पर्यटनमा लगानी गर्नुपर्ने बताउनु भयो ।

## पोखरामा सुरु भएको श्रमाधान रोजगार मेलामा रोजगार खोज्नेहरुको भिड

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ




पोखरामा सुरु भएको श्रमाधान रोजगार मेलामा रोजगार खोज्नेहरुको भिड लागेको छ ।

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय-गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको संयुक्त आयोजना, नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल घरेलु तथा साना उद्योग महासंघ, नेपाल तालिम तथा रोजगार व्यवसायी महासंघको सह आयोजना र होटल संघ नेपाल (हान) को संयोजनमा पोखरा ६, बुलौदीको पोखरा इभेण्ट सेन्टरमा सुरु भएको मेलामा रोजगार खोज्नेहरुको भिड लागेको हो । गण्डकी प्रदेशको राजधानी पोखरामा श्रमिक र रोजगारदाताहरुलाई जोड्न योजना सहित सुरु भएको उक्त मेलाको पहिलो दिनमै उत्साहजनक रुपमा रोजगार खोजि गर्नेहरुको भिडभाड भएको श्रम रोजगार कार्यालय पोखराका कारखाना निरिक्षक बलराम कुसवाहले बताए । मेलाले रोजगारीको वातावरण बनाउँदै निजी क्षेत्रमा रोजगारी सृजना तथा प्रबद्धन गर्न आवश्यक सीप विकासमा सहयोग पुग्ने, दक्षता अभिवृद्धि गर्दै रोजगारीको खोजीमा रहेकाहरुलाई सीप र रोजगारसँग जोड्ने बातावरण तयार गर्ने भएको उनले जनाए । मेलामा सरकारी ८ अन्य ३३ वटा निजी क्षेत्रका स्टलहरु रहेका छन् । आन्तरिक रोजगारी प्रवद्धन र वैदेशिक रोजगारीलाई सुरक्षित बनाउने श्रम र रोजगारको क्षेत्रमा रहेकाबहुआयामिकसमस्याहरुलाई एकद्वार प्रणालीबाट सम्बोधन गर्दै रोजगारीको लागि अनुकुल बातावरण सृजना गने उदेश्य सहित नेपाल सरकारले देशका सबै सात प्रदेशमा श्रमाधान रोजगार मेला गर्ने कार्यक्रम अनुसार पोखरामा गण्डकी प्रदेश स्तरिय मेला सुरु भएको हो । मेलाले श्रमिक तथा रोजगारदाताहरुलाई जोड्ने, रोजगारदाताहरु र विभिन्न क्षेत्रका सरोकारवालाहरुलाई एकै ठाँउमा ल्याएर नेटवर्किङ र रोजगारीको लागि अनुकुल वातावरण सृजनागर्ने उदेश्य समेत मेलाको रहेको आयोजकले दाबी गरेको छ । मेलाले रोजगारदाता र रोजगारीको खोजीमा रहेका यूवाहरुको सम्बन्धमा डाटाबेश निर्माण गर्ने, बेरोजगार युवाहरुको मागहरु ज्ञान, सीप र क्षमताको आधारमा संकलन गर्ने, रोजगारदाताहरुको सुचीकरण र रोजगारीका अवसरको पहिचान गर्ने गरि आन्तरिक रोजगार प्रबर्द्धन गर्न सकारात्मक योगदान दिने अपेक्षा गरिएको छ । मेलामा बायोडाटा निर्माण सिकाइ, विभिन्न रोजगारदातासँग सम्बन्धित, बैदेशिक रोजगार, कल सेन्टर, लगायतका स्टल तथा बुथहरु रहेकाछन् । मेलामा श्रम र रोजगारसँग सम्बन्धित विषयमा रहेर कार्यशाला गोष्ठी, अन्तर कृया र छलफल हुदैछ । मेलाको पहिलो दिन श्रम आप्रवासन : कानुनी प्रकृया र मनेसामाजिक प्रभाव, यातायात रोजारीका चुनौती र अवसरहरु, अबको यात्रा योगदानमा आधारित सामाजिक सुरक्षा विषयमा छलफल तथा अन्तरकृया सम्पन्न भएको छ ।

यसैबिच, उक्त मेलाको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे र श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद (डीपी) अर्यालले संयुक्त रुपमा विरुवामा पानी सिंचित गरी उद्घाटन

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेपाललाई पर्यटकीय 'हब' बनाउँछौँ – उपप्रधानमन्त्री श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले नेपाललाई पर्यटकीय 'हब'का रुपमा विकास गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

७४औं अन्नपूर्ण दिवसका अवसरमा परराष्ट्र मन्त्रालय र नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयद्वारा विभिन्न देशका राजदूत तथा कूटनीतिक नियोगका प्रतिनिधिको स्वागतार्थ पोखरामा आइतबार आयोजित रात्रिभोजमा उहाँले सो कुरा बताउनुभएको हो । आगामी वर्ष १६ लाख पर्यटक भित्र्याउने लक्ष्य लिइएको जनाउँदै उहाँले सरकार नयाँ पर्यटकीय गन्तव्यको पहिचान र प्रवर्द्धनमा लागेको बताउनुभयो । "नयाँ गन्तव्यस्थल र पदमार्गको पहिचानसँगै पर्यटकीय सर्किट विकास गर्न सरकारले योजना बनाइरहेको छ", उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "प्रकृति, संस्कृति, परम्परा, भौगोलिक विविधता आदि हाम्रा पर्यटकीय धरोहर हुन् ।" उहाँले राजदूत र कूटनीतिक नियोगका प्रतिनिधिलाई आफ्नो समुदाय र देशमा नेपालको पर्यटनबारे प्रचारप्रसार गरिदिन आग्रह गर्नुभयो । 'अतिथि देवो भवः'को आदर्श वाक्य उद्धृत गर्दै उपप्रधानमन्त्री श्रेष्ठले नेपालीहरू आतित्थ संस्कारका दृष्टिले विश्वभर चिनिएको बताउनुभयो । सिद्धार्थ गौतम बुद्धको जन्मस्थल लुम्बिनी, विश्वकै अग्लो शिखर सगरमाथालगायत अनेकौँ प्राकृतिक तथा सांस्कृतिक सम्पदा हेर्न विश्वभरका पर्यटक नेपाल आउने गरेको उहाँले बताउनुभयो ।

उपप्रधानमन्त्री श्रेष्ठले पर्यटकीय राजधानी पोखरा साहसिक पर्यटन गतिविधिमा पनि उत्तिकै महत्वपूर्ण गन्तव्यका रुपमा विकास भइरहेको बताउनुभयो । उहाँले ध्यान, योग र आध्यात्मिक पर्यटनका माध्यमबाट पनि पोखराको थप विकास गर्न सकिने बताउनुभयो । अन्नपूर्ण दिवसका अवसरमा आइतबार नै विभिन्न देशका राजदूत तथा कूटनीतिक नियोगका प्रतिनिधिले कास्कीको धम्पुसदेखि अस्तामसम्म पदयात्रा गरेका थिए ।

विश्वमै पहिलोपटक आठ हजार मिटरभन्दा अग्लो हिमाल आरोहणको सम्झनामा उक्त पदयात्राको आयोजना गरिएको थियो । सन् १९५० जुन ३ मा फ्रान्सेली आरोही मौरिस हर्जोग र लुई लाशनालले आठ हजार ४१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमाल आरोहण गरेका थिए । सोही दिनको सम्झनामा बर्सेनि अन्नपूर्ण दिवस मनाउने गरिन्छ । पर्यटकीय राजधानी पोखरामा विविध कार्यक्रमसहित आज ७४औँ अन्नपूर्ण दिवस मनाइँदैछ ।


**संक्रामक रोगबाट बचौं र बचाऔं।**

**गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन् ।**

**त्यसैले**

- ◆संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- ◆संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- ◆बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
- ◆घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


## यसपालिको मनसुनमा १८ लाख बढी मानिस प्रभावित हुने


**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यसपालिको मनसुनमा १८ लाखभन्दा बढी मानिस प्रभावित हुने अनुमान गरिएको छ ।

प्राधिकरणले सोमबार सार्वजनिक गरेको विवरणअनुसार बढी पानी पर्ने अनुमान गरिएको यसपालीको मनसुनमा १८ लाख एक हजारभन्दा बढी मानिस प्रभावित हुने जनाइएको छ । प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले कूल चार लाख १२ हजार घरधुरीका १८ लाख एक हजारभन्दा बढी मानिस कुनै न कुनै रुपमा प्रभावित हुने अनुमान गरिएको जानकारी

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अन्नपूर्ण म्याराथनको उपाधि नेपाल आर्मीका श्रेष्ठ र खोटाङकी राईलाई

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

चौथो संस्करणको अन्नपूर्ण म्याराथनको उपाधि नेपाल आर्मीका होमलाल श्रेष्ठले जितेका छन् ।

गत वर्षका उपविजेता श्रेष्ठले निर्धारित ४२.१९५ किलोमिटरको दुरी ४ घण्टा १६ मिनेट २४ सेकेण्डमा पुरा गर्दै नगद १ लाख ५० हजार रुपैयाँ पुरस्कार प्राप्त गरे । यद्यपि उनले उक्त दुरी ४ घण्टा १२ मिनेट ५१ सेकेन्डमा पार गरेका थिए । त्यसैगरी सोलुखुम्बुका अर्जुङ कुलुङ दोस्रो भए । उनले निर्धारित दुरी ४ घण्टा ३५ मिनेट १५ सेकेण्डमा पुरा गरेका गरे । उनी ५ दिन अघि मात्र एभरेस्ट म्याराथनको उपाधि चुमेर लगत्तै अन्नपूर्ण म्याराथनमा सहभागी भएका थिए । त्यसैगरी गतवर्षका विजेता जुम्लाका धिरबहादुर बुढा तेस्रो स्थानमा परे । उनले ४ घण्टा ४३ मिनेट ६ सेकेण्डको समयमा निर्धारित दुरी पार गरेका थिए भने उनले गत बर्ष उक्त दुरी ४ घण्टा १० मिनेट ५१ सेकेन्डमा पार गरी प्रथम स्थान प्राप्त गरेका थिए । द्वितीय र तृत्तिय स्थान प्राप्त गरेका राई र बुढ़ाले क्रमशः एक लाख, ७५ हजार नगद प्राप्त गरे । महिलातर्फको उपाधि खोटाङका निर्मला राईले जितेकी छन् । उनले निर्धारित दुरी ५ घण्टा ३७ मिनेट ४७ सेकेण्डमा पुरा गरी राईले नगद १ लाख ५० हजार राशी पुरस्कार प्राप्त गरिन् । नेपाल आर्मीकी (डोल्पा घर भएकी) सुनसरी रोकायले ५



घण्टा ४५ मिनेट ३१ सेकेण्डमा दौड़ पुरा गर्दै दोस्रो स्थानामा रहिन् भने ओखलढुङ्गाकी छोकी शर्पाले ५ घण्टा ५६ मिनेट ५९ सेकेण्डको समय दुरी पार गर्दै तेस्रो स्थानमा आईन् । गत बर्ष पनि तेस्रो स्थान प्राप्त गरेकी शर्पाले ६ घण्टा ११ मिनेट १६ सेकेण्डमा दौड पुरा गरेकी थिईन् । महिलातर्फ पनि द्वितीय र तृतीय स्थान प्राप्त गरेका रोकाय र शर्पाले क्रमशः एक लाख र ७५ हजार प्राप्त गरे । दौड ४ हजार १ सय ३० मिटरको अन्नपूर्ण आधार शिविरबाट शुरु भई माछापुच्छे आधारशिविर, बगर, देउराली, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोङ, तउलु, घुर्जुङ, चुईँले, कोम्रोङडाँडा, किम्रोङखोला उरी हुँदै घान्द्रुक ओर्लिएर समापन भएको थियो। महिला तर्फ १ विदेशी सहित ११ जना धाविकाको सहभागिता रहेको थियो । ३ विदेशी ४९ जना पुरुष धावकको सहभागिता रहेको थियो । महिला तथा पुरुष गरी ६० जना धावकले भाग लिएकोमा २ जनाले बिचबाटै प्रतियोगिता छाडेका थिए । ४ विदेशी मध्ये ३ जना बेलाएती र १ स्कटल्यान्डका धावकको सहभागिता रहेको थियो ।

अन्नपूर्ण सेन्चुरी पर्यटन समितिको आयोजनामा सञ्चालित अन्नपूर्ण म्याराथनमा विजेताधावकहरुलाईम्याराथनका समापन समारोहका प्रमुख अतिथि गण्डकी प्रदेश सरकारका आर्थिक मामलामन्त्री डा. टकराज गुरूङ, मूल आयोजक समितिका संयोजक एवं समितिका अध्यक्ष ललित गुरूङ लगाएतका विभिन्न व्यक्तित्वले पुरस्कार प्रदान गरेका थिए। 'पर्यटनका लागि सबै मौसम' भन्ने नारासहित अन्नपूर्ण पदयात्रा क्षेत्रको विकास र विस्तारमा टेवा पुर्‍याउने उद्देश्यसहित समितिले २०७५ सालदेखि अन्नपूर्ण म्याराथन आयोजना गर्दै आएको हो।अन्नपूर्ण म्याराथनलाई अन्तर ि्ष्ट्रिय इभेन्टका रुपमा विकास गर्न गत वर्षदेखि अल्टिमेट एडभान्चर नेपालको साथ र सहयोग रहेको समितिले जनाएको छ। सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरी ८ हजार मिटरभन्दा अग्ला हिमाल आरोहणको इतिहासमा विश्व कीर्तिमानी राखेको दिनलाई "अन्नपूर्ण आरोहण दिवस" मनाउने गरिन्छ । सोही दिनको सम्झनामा 'अन्नपूर्ण म्याराथन' आयोजना गरिएको अन्नपूर्ण म्याराथन प्रतियोगिताका संयोजक ललित गुरुङले बताए। समितिका अध्यक्ष ललित गुरूङको अध्यक्षता गण्डकी प्रदेश सरकारका आर्थिक मामला मन्त्री डा. टकराज गुरूङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा पण्डित गुरू आनन्द, प्रदेश सभा सदस्य प्रकाश बराल, पूर्वमन्त्री प्रकाश गुरूङ, नेपाल टुरिजम बोर्डका सदस्य ऋषिराम भण्डारी, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना पोखराका प्रमुख डा. रविन कडायत लगाएतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि गुरूङले पर्यटन पूर्वाधारको बिकास गर्नका लागि मौलिकतालाई जोगाई संरक्षणमा जोड दिनुपर्ने बताए । उनले अन्नपूर्णको पर्यटन पर्वधन गर्नका लागि गण्डकी प्रदेश सरकारले उचित निती निर्माण गर्ने जानकारी दिए । अर्थ पर्यटनको बिकास र बिस्तार गर्न सके रोज़गारी सृजना र उत्पादनमा बलपुग्ने उनको भनाई थियो ।

## पोखरामा ...

गरे । कार्यक्रममा बोल्दै मन्त्री अर्यालले कस्तो तालिम लिदा उद्योग करकाखानामा रोजगारी पाईन्छ भन्ने सिप र सुचना पाउने थलोको रुपमा समेत आफुले मेला आयोजना गरिएको बताए । मन्त्री अर्याललले मेलाबाट धेरै भन्दा धेरैले रोजगारी पाउनेमा आफु विश्वस्त रहेको दाबी गर्दै हाल देशमा रोजगारी खोजेर हिड्ने युवाहरुको जमात ठुलो रहेकाले रोजगारीको खोजीमा रहेका र रोजगारदिन चाहने संस्थाहरुको मिलनविन्दुको रुपमा आफुले मेलालाई लिएको दाबी गरे । मुख्यमन्त्री पाण्डेले देशले अहिले सम्बोधन गर्नुपर्ने मुख्य विषय भनेकै रोजगारी रहेकाले रोजगारीको समस्या समाधान गर्न नसक्दा बाटो, घाटो, शिक्षा, स्वास्थ्यको क्षेत्रमा सरकारले जती लगानी गरेको छ त्यसको प्रतिफल लिन नसकिएको बताए ।

जनताहरु गाउँ घरमा नरहेको र त्यसको मुल कारण भनेको आफनो रोजगारीको लागि गाउँबाट शहर र शहरबाट विदेश जाने क्रम रहेको उनको भनाई थियो । गण्डकीका उर्जा जलश्रोत तथा खानेपानी र सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दुकुमार थापाले रोजगारीका लागि लगानी मैत्री बाताबरण आवश्यक भएको बताए । तीन तहका सरकारले रोजगारीलाई प्राथमिकता दिदै कानुनहरु संसोधन गरि व्यवसायी मैत्री बनाउदै आएको बताए । पोखरा महानगरपालिकाका मेयर धनराज आर्चायले मेलामा सहभागि भएर आ आफनो आवश्यकताको खोजी गर्न सबैमा आग्रह गरे । रोजगारीका जति सम्भावना छन् तीनलाई व्यवहारमा उतार्ने गरि अव तीन तहका सरकारले काम गर्नुपर्नेमा समय आएको उनको भनाई छ । तथ्याङ्क संकलन देखि सहभागिहरुको दर्ता गराउन प्रायः बिद्यार्थीहरुलाई बढी परिचालन गरिएको थियो ।

# अस्पतालको शैयामा नागरिकता वितरण

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २१ जेठ

बिरुवा गाउँपालिका ५ का बिमल शर्माले अस्पतालको शैयाबाटै नागरिकता पाएका छन् । १९ बर्षिय शर्मा गाई भैसीलाई घाँस काट्न रुखमा चढेका बेला खसेर घाइते भए । उनको मेरुदण्ड भाँच्चिएपछि उपचारार्थ रहेका शर्मालाई जिल्ला प्रशासन कार्यालय स्याङ्जाले अस्पतालको बेडमै नागरिकता प्रदान गरिदिएको छ ।



नेपाल सरकारले मेरुदण्ड सम्वन्धी समस्या भएका बिरामीलाई सुविधा दिने व्यवस्था गरेको छ । तर उक्त सुविधा लिन नागरिकता आवश्यक पर्ने भएपछि परिवार हरुको अनुरोधमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाले अस्पतालमै पुगेर नागरिकता उपलब्ध गराएको सहायक प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले जानकारी दिए । जेड ८ गते गाई भैसीलाई घाँस काट्नेक्रममा रुखबाट लडेर घाइते भएका शर्माको उपचार पोखरा स्थित मणिपाल अस्पतालमा भइरहेको छ । अस्पतालको सिफारिका आधारमा जिल्ला प्रशासन कार्यालय स्याङ्जाले प्रशासकीय अधिकृत संयोग भट्टराई र नायव सुब्बा रामप्रसाद पौडेललाई खटाएर नागरिकता उपलब्ध गराएको सहायक प्रजिअ पौडेलले बताए । शर्मालाई अस्पतालको बेडमै सनाखत र आमालाई साक्षीमा सनाखत गराएर नागरिकता प्रदान गरिएको प्रशासकीय अधिकृत संयोग भट्टराईले जानकारी दिए ।

शर्माका बुवा बिष्णुप्रसाद शर्मा बिरामी भएका कारण उपचारका लागि चितवनमा रहेका छन् । नागरिकता प्रदान गर्दा शर्माका बुवा उपलब्ध नभएपछि आमालाई साक्षी राखेर नागरिकता दिलाइएको प्रशासकीय अधिकृत भट्टराईले बताए । कुनैपनि नागरिक नागरिकताबाट बन्चित हुनुहुदैन उनले भने,'प्रशासन सम्म आईपुग्न नागरिकको समस्या छ भने बुझेर सम्वन्धित ठाउँमै पुगेर पनि नागरिकता विरतरण गर्दछौं ।' यो नागरिकको नैसङ्गिक अधिकार हो उनले भने । मेरुदण्ड भाच्चिएर शर्मा दुवै खुट्टा नचल्ने अवस्थामा रहेका र उनले नागरिकता पाएपछि सरकारको सुविधा मिल्ने भएकाले हामी पोखरामै पुगेर उनलाई नागरिकता दिलाएको उनले बताए । बिमलकी आमा याममायाले प्रशासनले हाम्रो परिवारलाई ठुलो गुन लगाएको बताइन् । अस्पतालमै आएर छोरालाई नागरिकता दिलाईदिनु भएकाले धन्यवदा दिएकी छन् । आर्थिक अवस्था कमजोर र सरकारले दिने सुविधा नागरिकता पाएपछि पाइने आशाले राहात महशुस गरेको बताइन् । नागरिकता जस्तो संवेदनशील परिचयपत्र वितरण गर्न जिल्ला प्रशासनले खेलेको जोखिम नागरिकका लागि निकै प्रंशसनीय रहेको स्थानीयले बताएका छन् । जसले प्रशासन नागरिकमैत्री छ भन्ने सन्देश दिएको छ ।

# पोखरा १३ का बासिन्दालाई फिस्टेल हस्पिटलमा छुट

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

पोखरा महानगरपालिका १३ का बासिन्दाले पोखराको फिस्टेल हस्पिटलमा उपचार गर्दा छुट पाउने भएका छन् ।



वडा कार्यालय र अस्पालबिच सोमबार भएको सम्झौता अनुसार अस्तापलबाट प्रदान गरिने विभिन्न शिर्षकको सेवामा ५ प्रतिशत छुट दिइने भएको हो ।

पोखरा महानगरपालिका १३ का वडाध्यक्ष किरण बराल र फिस्टेल हस्पिटल एण्ड रिसर्च सेण्टर प्रालिका अध्यक्ष डा. भोला श्रेष्ठ र मेडिकल डाइरेक्टर दिपेश कार्कीबिच सम्झौता पत्रमा हस्ताक्षर भएको हो । उक्त सम्झौतामा वडाबासीका लागि ओपिडी टिकट, यूसिजी, यूजिआई इन्डोस्कोपी, इसिजी, एक्सरे, सिटी स्क्यान, बेड शुल्क, ल्याब टेष्ट, हेल्थ प्याकेज, फार्मेसीलगायत सेवामा ५ प्रतिशत छुट दिइने उल्लेख गरिएको वडाध्यक्ष किरण बरालले जानकारी दिए ।

अस्पतालसँग छुट दिने गरी पोखराका ३३ वडामध्ये पोखरा १३ ले सुरुवात गरेको वडाध्यक्ष बरालले बताए । उनले भने, '३३ वडा मध्ये यो पहिलो हो । यो सम्झौतापछि वडाबासी राहत पाउन अपेक्षा लिएको छु ।'

## यसपालिको ...

दिनुभयो । उहाँका अनुसार ८३ हजार घर परिवार प्रत्यक्ष प्रभावित हुने र १८ हजार घर परिवारलाई उद्धार तथा राहत दिनुपर्ने अवस्था आउने आँकलन गरिएको छ । गतवर्ष १२ लाख मानिस प्रभावित हुने अनुमान गरिएको थियो । त्यसको अघिल्लो वर्ष २० लाख बढी प्रभावित हुने अनुमान गरिएको थियो । जल तथा मौसम विज्ञान विभागले यसपाली सरदर भन्दा बढी पानी पर्ने सम्भावना ३५ देखि ५५ प्रतिशत रहने आँकलन सार्वजनिक गरिसकेको छ । सोही अनुसार यसपाली बढी जोखिम हुने भएकाले सबै निकायलाई आवश्यक तयारीमा लाग्न निर्देशन गरिसकिएको पनि उहाँले बताउनुभयो । गृहमन्त्रालयले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना तयार भएकाले सोही अनुसार अघि बढेको डा भट्टराईले जानकारी दिनुभयो । मौसम विभागका अनुसार अब मनसुन भित्रिने समय नजिकिएको छ । सोही अनुसार गृहमन्त्रालयले आवश्यक तयारी गरिरहेको छ ।


## सूचनाको हक


- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयमा सूचना माग्ने वा पाउने सूचनाको हक हुन्छ ।
- नागरिकले नमागे पनि सार्वजनिक निकाय आफैं सक्रिय भएर सार्वजनिक महत्वको सूचना प्रवाह गर्नुपर्दछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
फोन नं. ०६१-४६७७३२/४६७७३३

## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

## सम्पादकीय

# विपद्जोखिम जुध्न आवश्यक

नेपालमा मनसुन आउनुअघि विपद् जोखिम न्युनीकरण गर्ने बारे गम्भीर छलफल हुँदैन । विपद् आएपछि मात्र हार गुहार गर्ने गरिएको छ।मनसुन आउनुअघि विपद् जोखिमबारेमा जनतालाई सचेत र सतर्क हुन आव्हान गर्न पनि कठिनाइ ठान्ने धेरै छन।विश्व कहाँ पुग्यो हामी पहिल्यैदेखि उहिलेकै मानशिकतामा छौँ । विश्व विपद्का बेला कसरी चल्न पर्छ भनेर अध्ययन गर्न थालिएको छ।विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यसपालिको मनसुनमा १८ लाखभन्दा बढी मानिस प्रभावित हुने अनुमान गरिएको छ ।

प्राधिकरणले सार्वजनिक गरेको विवरणअनुसार बढी पानी पर्ने अनुमान गरिएको यसपालीको मनसुनमा १८ लाख एक हजारभन्दा बढी मानिस प्रभावित हुने जनाइएको छ । प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले कूल चार लाख १२ हजार घरधुरीका १८ लाख एक हजारभन्दा बढी मानिस कुनै न कुनै रुपमा प्रभावित हुने अनुमान गरिएको जानकारी दिए । उहाँका अनुसार ८३ हजार घर परिवार प्रत्यक्ष प्रभावित हुने र १८ हजार घर परिवारलाई उद्धार तथा राहत दिनुपर्ने अवस्था आउने आँकलन गरिएको छ ।

गतवर्ष १२ लाख मानिस प्रभावित हुने अनुमान गरिएको थियो । त्यसको अघिल्लो वर्ष २० लाख बढी प्रभावित हुने अनुमान गरिएको थियो । जल तथा मौसम विज्ञान विभागले यसपाली सरदर भन्दा बढी पानी पर्ने सम्भावना ३५ देखि ५५ प्रतिशत रहने आँकलन सार्वजनिक गरिसकेको छ । सोही अनुसार यसपाली बढी जोखिम हुने भएकाले सबै निकायलाई आवश्यक तयारीमा लाग्न निर्देशन गरिसकिएको छ । गृहमन्त्रालयले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना तयार भएकाले सोही अनुसार अघि बढेको दाबी गरेको छ। मौसम विभागका अनुसार अब मनसुन भित्रिने समय नजिकिएको छ । सोही अनुसार गृहमन्त्रालयले आवश्यक तयारी गरिरहेको छ । नेपाली उखान जब भयो राति बल्ल बुढी ताती भने जस्तै गृह मन्त्रालयले घचघच्याउन थालेको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# लमजुङको ताजेगाउँ केन्द्रविन्दु भएर भूकम्प

रासस
काठमाडौं, २१ जेठ

लमजुङ जिल्लाको ताजेगाउँ केन्द्रविन्दु भएर भूकम्प गएको छ ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार आज साँझ ८ बजेर ३८ मिनेट जाँदा लमजुङको ताजेगाउँ आसपास केन्द्रविन्दु भएर तीन दशमलव सात रेक्टरस्केलको भूकम्प गएको हो ।

यसअघि गत चैत ४ गते रसुवा जिल्लाको जुरेढुङ्गा केन्द्रविन्दु भएर भूकम्प गएको थियो । नेपालमा पछिल्लो समय साना भूकम्प जाने क्रम जारी छ ।

# काहुँखोला भाट समाजको अध्यक्षमा श्रीराम



पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

पोखरा महानगरपालिका वडा नं १३ मा स्थापना गरिएको काहुँखोला भाट समाजको १४ औं साधारण सभा तथा छैठौं अधिबेशनबाट श्रीराम रानाभाटको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको छ ।

समाजको उपाध्यक्षमा गोकुल रानाभाट, कोषाध्यक्षमा शारदा रानाभाट, सचिबमा सुजु रानाभाट, सहसचिबमा बिष्णु कुमारी रानाभाट र सदस्यहरुमा सृजना रानाभाट, महराज रानाभाट, रुकबिना रानाभाट, अमृता रानाभाट, सुर्य अधिकारी भाट, बिष्णु रानाभाट सर्ब सम्मत रुपमा चयन भएका छन् ।

त्यसै गरी सल्लाहकारमा ज्यो. रुद्र रानाभाट, सु. भिम बहादुर रानाभाट, शान्ती रानाभाट, लेखनाथ रानाभाट, पितृराज रानाभाट, चन्द्रबहादुर रानाभाट र एकदेब रानाभाट सर्वसम्मत चयन भएका छन् । कार्यक्रमका प्रमुख अतिथि रानाभाट तथा भाट समाजका पुर्व केन्द्रिय उपाध्यक्ष तिलक रानाभाटले कार्यक्रमको उद्घाटन गर्दै समाजले अनुकरणीय कार्य गरेको बताए ।

सो अबसरमा गण्डकी प्रदेश कोषाध्यक्ष ज्यो.रुद्र रानाभाट, कास्की जिल्ला अध्यक्ष सुर्यबहादुर रानाभाट, शान्ति रानाभाट, मिनबहादुर रानाभाट लगायतले शुभकामना मन्तव्य दिएका थिए ।

सोही अबसरमा समाजका अग्रज अभिभावकहरु बिद्धबहादुर रानाभाट र जयकृष्ण रानाभाट, समाजलाई विधिवत वनाउन तथा भवन निर्माणमा अध्यक्षको भूमिका निर्वाह गरेका पितृराज रानाभाट, संस्थापक अध्यक्ष शान्ति रानाभाट, आर्थिक सहयोगदाता मिनबहादुर रानाभाट र समाजसेवी चन्द्रबहादुर रानाभाटलाई सम्मानपत्रद्वारा सम्मान गरिएको थियो । समाजका अध्यक्ष सु. भिमबहादुर रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार चन्द्रबहादुर रानाभाटले स्वागत र सचिव सुर्यबहादुर रानाभाटले संचालन गरेका थिए ।

# विश्वकप खेल्ने क्रिकेट टोलीलाई राष्ट्रपति पौडेलको शुभकामना

रासस
काठमाडौं, २१ जेठ

राष्ट्रपति रामचन्द्र पौडेलले आइसिसी पुरुष टी–२० विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी हुन अमेरिका पुगेको नेपाली टोलीलाई उच्च मनोबलका साथ खेल्न शुभकामना दिनुभएको छ ।

राष्ट्रपति पौडेलले नेपाली राष्ट्रिय क्रिकेट टोलीका प्रतिनिधिमण्डलका सदस्यलाई टेलिफोन गरेर उच्च मनोबलका साथ प्रतियोगितामा सहभागी हुन शुभकामना दिनुभएको हो । उहाँले सम्पूर्ण नेपाली क्रिकेट टोलीका साथमा रहेको भन्दै उच्च मनोबलका साथ मैदानमा उत्रिएर सफलता प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभएको राष्ट्रपति पौडेलको स्वकीय सचिवालयले जनाएको छ । राष्ट्रपति पौडेलले नेपालले खेल्ने खेल सम्पूर्ण नेपालीले विश्वभर जहाँ भए पनि हेरेर नेपाली टोलीको हौसला बढाउने पनि विश्वास व्यक्त गर्नुभएको छ । अमेरिका र वेस्टइन्डिजले संयुक्त रुपमा आयोजना गरेको आइसिसी पुरुष टी–२० विश्वकप क्रिकेट प्रतियोगिता यही जेठ १९ गतेदेखि सुरु भएको छ । उक्त प्रतियोगिताअन्तर्गत नेपालले आफ्नो पहिलो खेल यही जेठ २२ गते राति ९:१५ बजे नेदरल्याण्ड्ससँग खेल्दै छ ।

# विन्ध्यवासिनीमा गुनासो पेटिका हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ

पोखराको बाटुलेचौरस्थित विन्ध्यवासिनी माध्यमिक बिद्यालयलाई गुनासो पेटिका हस्तान्तरण गरिएको छ ।

बिद्यालयको शैक्षिक गुणस्तर थप वृद्धिका लागि अभिभावक तथा विद्यार्थीबाट प्राप्त सुझाव, सल्लाह र गुनासो संकलन गर्ने उद्देश्यले पेटिका हस्तान्तरण गरिएको हो । उक्त पेटिका बाल हितकारी परियोजना नेपालका प्रतिनिधि संगिता कोइरालाले विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य गुरूदत्त भट्टराई र प्रधानाध्यापक कृष्णप्रसाद आर्चायलाई हस्तान्तरण गर्नुभयो । सो अवसरमा वाल क्लब, मनिटर, शिक्षक, कर्मचारी, अभिभावकका विच गुनासो पेटिका प्रयोगका बिच अन्तर्क्रिया समेत भएको छ ।

कार्यक्रममा समितिका जेष्ठ सदस्य भट्टराईले विद्यालयको शैक्षिक विकासमा सबै पक्षको सहयोग अपरिहार्य रहेको बताउनुभयो। बिद्यालयकस प्रधानाध्यापक कृष्णप्रसाद आर्चायले परियोजनाले महत्त्वपूर्ण कार्यक्रम आयोजना गरि सहयोग गरेकोमा आभार ब्यक्त गर्नुभयो । कार्यक्रममा सहभागिले गुनासो पेटिकामा प्राप्त सुझावलाई कार्यान्वयन गर्न सुझाव दिएका थिए । सो अवसरमा सहभागि अभिभावक तथा विद्यार्थीसँग शैक्षिक गुणस्तर वृद्धिका विषयमा अन्तरक्रिया समेत गरिएको थियो ।

# पोखरा -६ मा महिलाहरूलाई खाजा बनाउने सिप तथा आयमूलक तालिम

पोखरापत्र संवाददाता
पोखरा, २१ जेठ



पोखरा महानगरपालिका वडा नम्बर ६ को आयोजनामा महिलाहरूका लागि भएको खाजाका परिकार बनाउने सिपमूलक तथा आयमूलक पाँचदिवसीय तालिम सम्पन्न भएको छ ।

वडा नं. ६ वडा समितिको कार्यालयको सहयोगमा “खाजाको परिकारहरू तथा आय मूलक” कार्यक्रम जनजाति, अल्पसंख्यक उत्पीडित, मुस्लिम, दलित र निम्न आय भएका बेरोजगार तथा गृहिणीलाई लक्षित गरी सञ्चालन गरिएको थियो । साठी जना महिलाहरूको सहभागिता रहेको तालिममा ६ समूह बनाइ प्रशिक्षण दिइएको वडा कार्यालयले जनाएको छ । किङ्गस इन्टरनेशन कलेज प्रा.लि पोखरा शाखाले सहजिकरण गरेको तालिममा सहभागिहरूलाई मःम, चाउमिन,समोसा निम्कीन, रसबरी र तन्दुरी रोटी बनाउन सिकाइएको थियो । समापन समारोह कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगर पालिका वडा नं. ६ का वडा अध्यक्ष विष्णु बहादुर भट्टराईले तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्न सहभागीहरूलाई आग्रह गरे । तालिमबाट सिकेको ज्ञानबाट लाभ लिन सकेमात्र तालिमको औचित्ययता पूरा हुने भएको बताउदै उनले तालिमले बेरोजगारी समस्या न्यूनीकरणमा टेवा पुग्ने विश्वास व्यक्त गरे । कार्यक्रमका संयोजक तथा वडा सदस्य शोभा जलारीले जीवन भनेको सिकाई र भोगाई हो, जसले सिक्छ उसले अवश्य कमाउछ उनले भनिन । आर्थिक उर्पाजनका लागि जीवनकाल उत्तरार्ध सम्म पनि सिक्न र सिकाउन छोडन नहुनेमा उनको भनाइ थियो । पोखरा महानगर पालिका वडा नं. ६ का वडा सदस्य बासु बरालले तालिममा सिकेको सिपबाट लाभ लिन सकेमात्रै तालिमको औचित्य पुरा हुने बताउँदै, सिकाइलाई प्रभावकारी बनाउन जोड दिए ।

कार्यक्रममा वडा सदस्य दिपेन्द्र पहारी, वडा सचिव राम बहादुर खत्री, अर्मिता गुरुङ श्रेष्ठ, प्रशिक्षक ओम प्रसाद गुरुङ, बिनु गुरुङ, प्रशिक्षार्थिहरू रमा लामिछाने, भागिरथी थापा,दुर्गा थापा, सुनिता परियार, विष्णुमाया परियार लामिछाने, र भगवती वानिया लगाएतकाले तालिमका बारेमा बोलेमा थिए ।

# भवन र जनशक्ति अभावमा मनाङको जिल्ला अस्पताल

पोखरापत्र संवाददाता
मनाङ, २१ जेठ

मनाङमा हालसम्म सुविधासम्पन्न अस्पताल छैनन् । सामान्य उपचारका लागि छिमेकी जिल्ला पुग्नुपर्ने बाध्यता छ । लामो समयदेखि जिल्लामै उपचार गर्न पाउने पर्खाइमा मनाङबासी छन् ।

विसं २०४६ फागुन १९ मा निर्मित जिल्ला अस्पतालको भवन जीर्ण भइसकेको छ । नयाँ भवन निर्माण भएको छैन । मनाङ पर्यटकीय जिल्ला भएकाले पर्यटकलाई लेक (हाइअल्टिच्यूड) लाग्ने समस्याले बिरामीहरु जिल्ला अस्पतालमा उपचारका लागि आउँछन् । तर भनेजस्तो उपचार सेवा नपाउँदा समस्या हुनेगर्छ । अस्पताल भवन जीर्ण हुँदा बिरामीलाई आरामसँग राखेर उपचार गराउने ठाउँको अभाव छ । सामान्य जाँच गर्न पनि हेलिकप्टर मगाउनुपर्ने अवस्था रहेको स्थानीयबासी बताउँछन् । नयाँ अस्पताल भवन निर्माण गर्ने ठेक्का लागेको वर्षौं भइसकेको छ । पटक–पटक म्याद थप गर्दा पनि अस्पताल भवन निर्माण हुन सकेको छैन । रु १४ करोडमा ओम बुद्ध/बुद्ध जेवी कम्पनीले विसं २०७६ मा ठेक्का सम्झौता गरेको थियो । १५ शैयामा स्तरोन्नति गरेर जनतालाई स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्यले भवन निर्माण गर्न प्रदेश सरकारले चार वर्षमा तीन पटक म्याद थप गरिसकेको छ । ओम बुद्ध/बुद्ध जेवी कम्पनीका ठेकेदार अनिल घिमिरेले आर्थिक रूपमा ८० र भौतिक रूपमा ९८ प्रतिशत काम सम्पन्न गरेको बताउनुभयो । उहाँले रङरोगन तथा टायल बिच्छ्याउने काम भइरहेको जानकारी दिनुभयो ।

चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले विसं २०७५ देखि गण्डकी प्रदेशअन्तर्गत सञ्चालन हुँदै आएको अस्पतालबारे भर्खरै मात्र प्रदेशमा समस्याबारे जानकारी गराएको बताउनुभयो । अध्यक्ष घलेले भौतिक रूपमा कार्य प्रगति मूल्याङ्कन गरेर यही असार मसान्तसम्ममा नयाँ भवनबाट अस्पतालले सेवा दिनेमा आफू विश्वस्त रहेको बताउनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
१९८६

स्वर्गारोहणः
२०८१/०२/१९ गते

**स्व. सुन्दरी गुरुङ**

यस जय नेपाल मार्ग टोल बिकास संस्थाका निवर्तमान अध्यक्ष सु.मे. विरधोज गुरुङ तथा शुभचिन्तक हवल्दार पिपार गुरुङकी ममतामयी आमा **सुन्दरी गुरुङको ९५** वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**निर्मला क्षेत्री**
**अध्यक्ष एवम्**
**जय नेपाल मार्ग टोल विकास संस्था परिवार**
**पोखरा-१३**

# अमरदिप सामुदायिक विकासद्धारा सामाजिक कार्यको सुरुवात

**पोखरापत्र संवाददाता**
पोखरा, २१ जेठ

अमरदिप सामुदायिक बिकास समाज पोखरा १६ ले वडा भित्र विभिन्न सामाजिक कार्यको सुरुवात गरेको छ।

अमरदिपमा रहेको बहुउदेश्यिय सभाहलबाट जेष्ठ नागरिक, महिला र युवा लक्षित विभिन्न सामाजिक कार्यहरु गर्न लागेको समाजका सचिव सन्दिप थापाले जानकारी दिए।

समाजले प्रत्येक दिन बिहान जिबन बिज्ञान सम्बन्धि योगा कार्यकम, युवाहरुका लागि ब्याटमिन्टन खेल, टेवलटेनिस खेल, चेस खेल कार्यक्रम, जेष्ठ नागरिक दिवा सेवा कार्यक्रम, बालबालिका लक्षीत ब्याटमिन्टन खेल, टेवलटेनिस खेल, महिलाहरुका लागि क्षमता अभिबृद्दि तथा मनोरन्जनका कार्यक्रम, खेलकुदका विविध कार्यक्रम संचालन गरिएको सचिव थापाले बताए। कार्यक्रममा वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले स्थानीय सरकारले गर्नुपर्ने कार्यहरु समाजले गरेकोमा खुसी व्यक्त गर्दै, वडाका तर्फवाट समाजलाई सहयोग गर्ने प्रतिबद्धता जनाए।

समाजका अध्यक्ष नवराज थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नव आदर्श सामुदायिक विकास समाजका अध्यक्ष स्वागतमा सिंह भण्डारी, दिप युनाइटेड क्लबका अध्यक्ष खेमराज आर्चाय, हिमालय क्लबका अध्यक्ष सुशील बस्नेत, जिवन विज्ञान गण्डकी प्रदेश संयोजक गंगालाल पोखरेल, अमरदिप आमा समुहका अध्यक्ष चन्द्रशोभा गुरुङ, डाँडाथोक आमा समुहका अध्यक्ष विन्दु थापा, टोल विकास संस्थाका अध्यक्ष रूद्र वहादुर थापा, रोहन थापा लगायतले बोलेका थिए। स्थानीय एन्जिला थापा र अपिसा थापाको स्वागत नृत्यबाट शुरु गरिएको कार्यक्रमको संचालन सो समाजका सचिव सन्दीप थापाले गरेका थिए।

# पाँच कक्षापछि पढ्न पाउँदैनन निसेलढोरका बालबालिका

**पोखरापत्र संवाददाता**
गलकोट, २१ जेठ

बागलुङको निसेलढोर गाउँ पुग्दा सम्झना विश्वकर्मा छोराको हेरचाहमा व्यस्त हुनुहुन्थ्यो। उमेरले १९ वर्ष हुनुभएको विश्वकर्माले कक्षा छ मै पढाइलाई विश्राम दिनुभयो। उहाँको पढ्ने रहन नभएर होइन गाउँमा विद्यालय नहुँदा पढाइ छोडेर बिहे गर्नुभयो।

निसीखोला गाउँपालिका-५ निसेलढोरमा अशिक्षा, गरिबी र बालविवाह व्याप्त छ। त्यसैको चेपुवामा सम्झनाजस्ता धेरै किशोरीहरू परेका छन्। निसेलढोरमा पाँच कक्षासम्म अध्ययन हुने गरेको र माध्यामिक शिक्षा अध्ययनका लागि घरबाट टाढा जान सम्भव नभएपछि पढाइ छोडेको विश्वकर्माले दुःखेसो गर्नुभयो। "१९ वर्षकी भएँ, पढाइको महत्व अहिले बुझ्दै छु। घरबाट पाँच घण्टाको पैदल दूरीमा माध्यामिक विद्यालय छ, त्यसकारण पढ्न सम्भव भएन। सानै उमेर भएकाले कोठा खोजेर पनि बस्न सकिएन, यहाँ म मात्रै होइन विद्यालय नहुँदा धेरैले पाँच कक्षापछि पढाइ छोड्नुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो।

शिक्षा मात्र होइन यहाँ विद्युत्को पनि त्यस्तै समस्या छ। एक वर्षअघि नेपाल टेलिकमले मोबाइल टावर राखे पनि मोबाइल चार्ज गर्न नसकिएको स्थानीयको गुनासो छ। निसेलढोरमा ५५ स्थायी र एक सय ५० घरमा घुम्ती बसाइ हुन्छ। घुम्ती बसाइ गर्ने परिवारका बालबालिकाले निसीखोलाको बैंसीमा विद्यालयमा अध्ययन गर्ने भए पनि निसेलढोरमै रहेका बालबालिका कक्षा पाँचपछि अध्ययन छोड्ने गरेका स्थानीय खिमा विकको भनाइ छ। "यहाँ त बालविवाह सामान्यजस्तै छ, केही बालबालिका विद्यालय नै जादैनन्, कक्षा पाँचसम्म त गाउँमै पढाइहुन्छ, त्यसमाथि अध्ययन गर्न समस्या छ", विकले भन्नुभयो। पाँच कक्षासम्म अध्ययन गर्न मिल्ने कुँडेढोर प्राथमिक विद्यालयमा अहिले ५२ जना विद्यार्थी छन्। विद्यालयका शिक्षक रुद्र विकले पनि धेरैले पाँच कक्षापछि पढाइ छोड्ने गरेका बताउनुभयो। विसं २०६४ मा स्थापना गरिएको कुँडेढोर प्राथमिक विद्यालयसमेत जीर्ण अवस्थामा छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ कमल पोखरी संरक्षण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः कमल पोखरी संरक्षण
ठेगानाः पोखरा-१३
योजना शुरु हुने मितिः २०८१/०१/१७ गते
योजना सम्पन्न हुने मितिः २०८१/०२/३० गते
योजनाको कुल लागतः रु. ८,००,०००/-
महानगरपालिका वडा कार्यालय १३ बाटः रु. ८,००,०००/-
अध्यक्षः केश बहादुर बि.क.
सम्पर्क नं.: ९८१६६१२८०९
निर्माण समिति सदस्य संख्याः ७
महिलाः २, पुरुषः ५

**कमल पोखरी संरक्षण उपभोक्ता समिति**
**पोखरा-१३**

# जेठो हिमाल आरोहणको ७४ वर्ष पूरा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ जेठ

नेपालको पर्वतारोहण पर्यटनको इतिहास जोडिएको म्याग्दीस्थित अन्नपूर्ण प्रथम हिमाल आरोहण भएको ७४ वर्ष पूरा भएको छ।

म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्लाको सिमानामा रहेको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्छ। आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ। सन् १९५० मा जुन ३ मा फ्रान्सका मौरिज हर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो। नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाको रुपमा आज विविध कार्यक्रम गरी अन्नपूर्ण आरोहण दिवस मनाउन लागिएको पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख नवीन पोखरेलले बताउनुभयो। हर्गोजको टोलीबाट भएको अन्नपूर्ण आरोहणले नेपालको पर्वतारोहणको सम्भावना अन्तर्राष्ट्रियकरण भएकाले महत्वका साथ दिवस मनाउन लागिएको उहाँले बताउनुभयो। म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले अन्नपूर्ण आरोहण भएको ७४ वर्ष पुगेको अवसरमा प्रथम पर्वतारोही हर्जोगको सालिक बनाएर आधार शिविरमा राख्न लागिएको बताउनुभयो।

नारच्याङका तेज गुरुङको अगुवाइमा विसं २०६८ मा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो। पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले 'मौरिस हर्जोग' नामकरण गरेको छ। पदमार्गको प्रचारप्रसार गर्न प्रवेश विन्दुमा पर्ने नारच्याङमा विसं २०७७ मा गाउँपालिकाले अन्नपूर्ण पर्यटन महोत्सव आयोजना गरेको थियो। कास्की र म्याग्दीका दुई वटा स्थानीय तहको नामकरण अन्नपूर्ण हिमालबाट गरिएको छ। अन्नपूर्ण हिमाललाई फन्को लगाउने अन्नपूर्ण चक्रीय पदमार्ग विश्वको प्रसिद्ध पदमार्ग मानिन्छ। ट्रेकिङ एजेन्सिज एसोसिएसन (टान) गण्डकीका उपाध्यक्ष कृष्ण आचार्यले मौरिसले अन्नपूर्ण आरोहणको अनुभव समेटेर लेखेको पुस्तकले नेपालको पर्वतारोहण पर्यटनलाई विश्व बजारमा उजागर गर्नमा महत्वपूर्ण योगदान पुगेको बताउनुभयो। चौहत्तऔं अन्नपूर्ण आरोहण दिवसको अवसरमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको आयोजनामा नेपालमा आइतबार कास्कीको माछापुच्छ्रे गाउँपालिकाको धम्पुसदेखि धिताल हुँदै अस्तामसम्म नेपालस्थित नौ देशका राजदूतको पदयात्रा गरिएको थियो। आज पोखरामा आयोजना गर्न लागिएको समारोहमा अन्नपूर्ण हिमाल आरोहण गरेका पर्वतारोही पूर्णिमा श्रेष्ठ, दावा योङजोम शेर्पा र लाक्पा डेन्डी शेर्पालगायतलाई सम्मान गर्ने कार्यक्रम तय भएको छ। सो कार्यक्रममा गण्डकी प्रदेशको सांस्कृतिक विविधता झल्काउने मौलिक गीत र नृत्य प्रदर्शन गरिने पर्यटन बोर्ड गण्डकीका प्रमुख पोखरेलले बताउनुभयो। अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले अन्नपूर्ण आधार शिविरदेखि कास्कीको घान्द्रुकसम्म म्याराथन प्रतियोगिताको आयोजना गरेको छ। टान गण्डकीले आज पोखराको 'भ्यु फेवा राउन्ड फेवा' पदमार्गमा पदयात्राको आयोजना गरेको अध्यक्ष धर्म पन्थीले बताउनुभयो।

## विमालेख हरायो

यहि मिति २०८१/०१/१५ गते मालेपाटनबाट महेन्द्रपुल जाने क्रममा साविक रिलायन्स लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स क.को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
बिमितको नाम: कविन्द्र श्रेष्ठ
बिमालेख नं. ४०१००००००४०४
सम्पर्क नं.
[illegible]

# तपशिल बमोजिमका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना

**(तेस्रो पटक प्रकाशित मिति २०८१/०२/२२)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा मिति २०८१/०१/०३ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिका मार्फत ३५ दिने र मिति २०८१/०२/०७ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिका मार्फत १५ दिने सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम ३५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपशिलः**

| क.स. | ऋणी सदस्य एवं धन जमानतको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | ● बखत नारायण श्रेष्ठको बुहारी शंकरनारायण श्रेष्ठको श्रीमती तनहुँ जिल्ला ब्यास न.पा वडा नं.- १० बस्ने<br>**ऋणी : सरिता कुमारी श्रेष्ठ**<br>● बिष्णु नारायण श्रेष्ठको बुहारी बखत नारायण श्रेष्ठको श्रीमती तनहुँ जिल्ला ब्यास न.पा वडा नं.- १० बस्ने<br>**धनजमानत : बाल कुमारी श्रेष्ठ**<br>● बिष्णु नारायण श्रेष्ठको नाती बखतनारायण श्रेष्ठको छोरा तनहुँ जिल्ला ब्यास न.पा वडा नं.- १० बस्ने<br>**धनजमानत : शंकरनारायण श्रेष्ठ** | **सरिता कुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको कलुङ्ग गा.वि.स. वडा नं. ६ क कित्ता नं. १२८९ को क्षेत्रफल ०-४-०-० र फराकचौर गा.वि.स.वडा नं.९/ञ को कित्ता नं.२४६५को क्षेत्रफल ०-१-२-० को जग्गा<br>**बालकुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.वि.स. वडा नं. ९/ञ को कित्ता नं.२४७४ को क्षेत्रफल ०-४-१-० को जग्गा |
| २ | ● धन नारायण श्रेष्ठको बुहारी पदम नारायण श्रेष्ठको श्रीमती काभ्रेपलाञ्चोक जिल्ला रयाले गा.बि.स. वडा नं.- ०५ घर भई हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने<br>**ऋणी : निरु श्रेष्ठ**<br>● रत्नलाल श्रेष्ठको नाति धन नारायण श्रेष्ठको छोरा काभ्रेपलाञ्चोक जिल्ला रयाले गा.बि.स. वडा नं.- ०५ घर भई हाल पोखरा म.न.पा. वडा नं. १८ बस्ने<br>**धन जमानत : पदम नारायण श्रेष्ठ**<br>● पुरुषोत्तम उपाध्यायको नाति पदमप्रसाद उपाध्यायको छोरा स्याङजा जिल्ला चिलाउने गा.बि.स. वडा नं. ३ घर भई हाल पोखरा म.न.पा. वडा नं. ८ बस्ने<br>**धन जमानत : हरिहर सापकोटा** | **निरु श्रेष्ठ**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको ग्यारजाती गा.बि.स.५ सिट नं.०९३०८७७ को कित्ता नं १४५५ को क्षेत्रफल ०-१४-०-० को जग्गा |
| ३ | ● हस्त बहादुर दुराको बुहारी नर बहादुर दुराको श्रीमती तनहुँ जिल्ला घाँसीकुवा गा.बि.स. वडां नं ६ घर भई हाल पोखरा म.न.पा. वडां नं ११ बस्ने<br>**ऋणी : टिका दुरा**<br>● मन बहादुर दुराको नाति हस्त बहादुर दुराको छोरा तनहुँ जिल्ला घाँसीकुवा गा.बि.स. वडां नं ६ घर भई हाल पोखरा म.न.पा. वडां नं ११ बस्ने<br>**धन जमानत : नर बहादुर दुरा**<br>● विल बहादुर गुरुङको बुहारी दिलीप गुरुङको श्रीमती तनहुँ जिल्ला फिरफिरे गा.बि.स.वडा नं. १ घर भई हाल तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. १२ बस्ने<br>**धनजमानत : सोम कुमारी गुरुङ** | **टिका दुरा**को नाममा मालपोत कार्यालय कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.बि.स.वडां नं ३ सिट नं. ३ च को कित्ता नं ३८१ को क्षेत्रफल २-०-०-० को जग्गा |
| ४ | ● बर्से घर्तीको नाती इन्द्र बहादुर घर्तीको छोरा कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**ऋणी : टेक बहादुर घर्ती**<br>● इन्द्र बहादुर घर्तीको नाती टेक बहादुर घर्तीको छोरा कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : लाल बहादुर घर्ती**<br>● इन्द्र बहादुर घर्तीको नाती टेक बहादुर घर्तीको छोरा कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : बुद्दि बहादुर भुजेल**<br>● टेक बहादुर घर्तीको बुहारी लाल बहादुर घर्तीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : चन्द्रा घर्ती**<br>● टेक बहादुर घर्तीको बुहारी बुद्दि बहादुर भुजेलको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा वडा नं. ३३ बस्ने<br>**धनजमानत : पुनम भुजेल** | **टेक बहादुर घर्ती**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको कास्की जिल्ला भरतपोखरी गा.वि.स. वडा नं. २ सिट नं.०९४१२८३ को कित्ता नं. ४५९, ४४३, ४५१, ४३६, ४४८, ४५६, २५५,४३९ को क्षेत्रफल ०-८-३-३, ०-८-२-२, ०-१-३-२, १-१-२-१, ०-४-१-०, ०-५-२-१, ०-१-०-२, १-६-०-२ को जग्गा |
| ५ | ● रमानाथ सापकोटाको नाती कुलप्रसाद सापकोटाको छोरा तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं. ०२ बस्ने<br>**ऋणी : उमाकान्त सापकोटा**<br>● कुलप्रसाद सापकोटाको बुहारी उमाकान्त सापकोटाको श्रीमती तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं.०२ बस्ने<br>**धनजमानत : केशरी सापकोटा**<br>● कुलप्रसाद सापकोटाको नाती उमाकान्त सापकोटाको छोरा तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं.०२ बस्ने<br>**धनजमानत : सरन सापकोटा**<br>● उमाकान्त सापकोटाको बुहारी सरन सापकोटाको श्रीमती तनहुँ जिल्ला शुक्लागण्डकी न.पा वडा नं.०२ बस्ने<br>**धनजमानत : सीता सापकोटा** | **उमाकान्त सापकोटा**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको उदेनढुङा गा.वि.स.वडा नं.२/छ कित्ता नं. ८० सिट नं. २/छ को क्षेत्रफल ३-६-०-१, उदेनढुङा गा.वि.स.वडा नं.१/ङ कित्ता नं. १६२,४८० सिट नं. १/ङ को क्षेत्रफल ०-८-०-२, ०-८-०-० को जग्गा |
| ६ | ● नरनाथ कमर जोगीको बुहारी बालहरी कमर जोगीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० घर भै हाल पोखरा म.न.पा. वडा नं. ३० बस्ने<br>**ऋणी : जानकी कमर जोगी**<br>● नरनाथ कमर जोगीको नाती बालहरी कमर जोगीको छोरा कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० घर भै हाल पोखरा म.न.पा. वडा नं. ३० बस्ने<br>**धनजमानत : जीवन हरी कमर जोगी** | **जानकी कमर जोगी** को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. ९ सिट नं. ०९४११२७४ को कित्ता नं. ६०९६ को क्षेत्रफल ०-७-३-३ को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

**पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Pokhara Royal Saving & Credit Co-operative Society Limited**
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-538833, 537833, 520833, 520933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com